# सुन्दरबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## सुन्दरबजार, लमजुङ
गण्डकी प्रदेश, नेपाल

**सूचि दर्ता गराउने सम्वन्धी सूचना ।**

(प्रथमपटक प्रकाशित मिति : २०७६।०६।२७)

यस नगरपालिकामा आ.व. २०७६।०७७ का लागि आवश्यक निम्नानुसारका सामान तथा सेवाहरु आपूर्ति गराउन इच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी एवं संस्थाबाट सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ क र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको व्यवस्था अनुसार छुट्टाछुट्टै सूची दर्ताको लागि यो सूचना प्रथम पटक प्रकाशित मितिले ७ (सात) दिनभित्र यस कार्यालयको आर्थिक प्रशासन शाखामा रु १० को टिकट टाँसी निवेदन पेश गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**क) खरिद तथा आपूर्तितर्फ**

१) मसलन्द तथा कार्यालय सामान
२) मेसिनरी उपकरण (कम्प्युटर, फोटोकपी, युपियस तथा इलेक्ट्रोनिक्स सामान)
३) इलेक्ट्रिकल सामान
४) पिउने पानी
५) छपाई सम्वन्धी कार्य
६) फर्निचर तथा फर्निसिङ
७) सार्वजनिक निर्माण
८) चमेनागृह सन्चालन
९) पत्रपत्रिका तथा पुस्तक
१०) मोटर गाडी तथा मोटरसाईकल पाटपूर्जा
११) स्वास्थ्य उपकरण तथा औषधी
१२) कृषि उपजको वीउ वीजन तथा सामाग्री
१३) पशु स्वास्थ्यको औषधी तथा सामाग्री

**ख) मर्मत तर्फ**

१) सवारी साधन (मोटर गाडी र मोटरसाईकल)
२) कम्प्युटर, फोटोकपी, प्रिन्टर फ्याक्स, स्क्यानर, युपियस आदि
३) इलेक्ट्रोनिक्स सामान
४) भवन तथा भौतिक संरचना
५) फर्निचर

**ग) सेवा**

१) कम्प्युटर तालिम
२) अंग्रेजी भाषासम्वन्धी तालिम तथा अन्य विभिन्न तालिमहरु संचालन
३) सरसफाई
४) वगैचा सम्भार
५) हवाई टिकट र अन्य टिकटहरु
६) सूचना, विज्ञापन प्रकाशन/प्रसारण

**घ) परामर्शदाता वा सेवा**

१) सफ्टवेयर निर्माण
२) सूचना प्रविधि सम्वन्धी विभिन्न परामर्श सेवा
३) अन्य विविध परामर्श सेवा

**दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरु**

१. फर्म दर्ता प्रमाणपत्रको छायाँप्रति
२. स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको छायाँप्रति (मू.अ.करमा दर्ता हकमा सो को आधिकारिक कागजातको छायाँ प्रति )
३. आ.व. ०७४।७५ को कर चुक्ता प्रमाणपत्रको छायाँप्रति

माथि उल्लेखित सामान, मर्मत, सेवा जस्ता प्रत्येक विषयको छुट्टाछुट्टै दरखास्त दर्ता गराउनुपर्नेछ । रीत नपुगी र म्याद नाघी आएको दरखास्तलाई मान्यता दिइने छैन । प्राप्त दरखास्तहरु स्वीकृत गर्ने नगर्ने अधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ ।